# सर्वोच्च अदालत बार एशोसिएशन
# निर्वाचन समिति-२०७९
रामशाहपथ, काठमाडौं

मिति - २०७९/०९/१२

## सर्वोच्च अदालत बार एशोसिएशन कार्यसमितिको निर्वाचन आचारसंहिता, २०७९

सर्वोच्च अदालत बार एशोसिएशन कार्यसमितिको निर्वाचनलाई स्वतन्त्र, स्वच्छ, निष्पक्ष, व्यवस्थित र विश्वसनीय बनाउनका लागि निर्वाचन समिति, २०७९ बाट ***सर्वोच्च अदालत बार एशोसिएशन कार्यसमितिको निर्वाचन आचारसंहिता, २०७९*** जारी गरी लागु गरिएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो आचारसंहिताको नाम 'सर्वोच्च अदालत बार एशोसिएशन कार्यसमितिको निर्वाचन आचारसंहिता, २०७९' रहेको छ ।

(२) यो आचारसंहिता तुरुन्त प्रारम्भ भई लागु हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आचार संहितामा उल्लेखित–

(क) **'विधान'** भन्नाले नेपाल बार एशोसिएशनको विधान, २०४८ सम्झनुपर्छ ।

(ख) **'विनियम'** भन्नाले नेपाल बार एशोसिएशनको विनियम, २०४९ सम्झनुपर्छ ।

(ग) **'कार्यसमिति'** भन्नाले सर्वोच्च अदालत बार एशोसिएशनको कार्यसमिति सम्झनुपर्छ ।

(घ) **'निर्वाचन समिति'** भन्नाले विधानको धारा ४५ बमोजिम सर्वोच्च अदालत बार एशोसिएशनबाट गठित निर्वाचन समिति सम्झनुपर्छ ।

(ङ) **'निर्वाचन अधिकृत'** भन्नाले निर्वाचन समितिका प्रमुख निर्वाचन अधिकृत समेतलाई जनाउँछ ।

(च) **'मतदाता'** भन्नाले सर्वोच्च अदालत बार एशोसिएशनको आ.व. २०७९।०८० को सदस्यता नवीकरण गरेका वरिष्ठ अधिवक्ता तथा अधिवक्ता सम्झनुपर्छ ।

(ज) **'उम्मेदवार'** भन्नाले सर्वोच्च अदालत बार एशोसिएशन कार्यसमितिको निर्वाचनमा उम्मेदवारी दिई उम्मेदवारको अन्तिम नामावलीमा कायम रहेका पदाधिकारी र सदस्यका उम्मेदवारहरूलाई सम्झनुपर्छ । सो शब्दले नेपाल बार एशोसिएशनको कार्यकारीणी परिषद्को सदस्य (पार्षद) पदका उमेदवार समेतलाई जनाउँदछ ।

(झ) **'कर्मचारी'** भन्नाले सर्वोच्च अदालत बार एशोसिएशनका कर्मचारी वा निर्वाचन समितिले निर्वाचन प्रयोजनका लागि नियुक्त गरेका कर्मचारीलाई जनाउँछ ।

(ञ) **'सुरक्षाकर्मी'** भन्नाले निर्वाचनको अवधिभरका लागि खटिने सुरक्षाकर्मीहरुलाई जनाउँदछ ।

## परिच्छेद -२
## उम्मेदवारहरूले पालना गर्नुपर्ने आचरण

३. सर्वोच्च अदालत बार एशोसिएशन कार्यसमितिको निर्वाचनका उम्मेदवार तथा निजहरूसँग सम्बन्धित व्यक्तिहरूले निर्वाचन अभियान सञ्चालन गर्दा गराउँदा देहायका आचरणहरू पालना गर्नु गराउनु पर्नेछः

(१) लोकतन्त्र, मानवअधिकार, कानुनीराज र स्वतन्त्र न्यायपालिकाको प्रतिकूल हुने गरी निर्वाचन प्रचार प्रसार गर्नु गराउनु हुँदैन ।

(२) कुनै धर्म, वर्ग, सम्प्रदाय, जात-जाति, लिङ्ग, भाषा, शारीरिक अवस्था, समुदाय वा प्रादेशिकताको आधारमा घृणा वा द्वेष उत्पन्न गर्ने गरी निर्वाचन प्रचार-प्रसार गर्नु गराउनु हुँदैन ।

(३) निर्वाचन प्रचार-प्रसारको सन्दर्भमा प्रयोग गरिने भाषा शिष्ट, मर्यादित र लैङ्गिक मैत्री हुनुपर्छ ।

(४) उम्मेदवार वा तिनका समर्थकहरूले अरू उम्मेदवारहरूका निर्वाचन सम्बन्धी गतिविधिमा बाधा पुऱ्याउन पाइने छैन ।

(५) मतदानको दिनभन्दा २४ घण्टा अघिदेखि मतदानको काम सम्पन्न नभएसम्म मतदान केन्द्र-क्षेत्रभित्र कुनै प्रकारले प्रचार-प्रसार गर्नु गराउनु हुँदैन ।

(६) कसैले पनि कुनै किसिमले कुनै किसिमको डर-त्रास/धाक-धम्की दिई वा बल प्रयोग गरी वा प्रलोभन दिई निर्वाचन अधिकृत, निर्वाचन पर्यवेक्षक, उम्मेदवार वा निर्वाचनसँग सम्बद्ध व्यक्ति, कर्मचारी वा शान्ति-सुरक्षा कायम गर्ने जिम्मेवारीमा रहेका सुरक्षाकर्मीलाई आफ्नो कर्तव्य पालन गर्नबाट विचलित गर्नु गराउनु हुँदैन ।

निर्वाचन समिति
काठमाडौं

(७) कसैले पनि मतदातालाई डर-त्रास/धाक-धम्की वा प्रलोभन दिने वा धर्म भकाउने जस्ता काम गरी निजको इच्छा विपरीत मतदान गर्न वा नगर्न बाध्य गर्नु गराउनु हुँदैन ।

(८) कसैले पनि कुनै किसिमको डर-त्रास/धाक-धम्की दिई वा बल प्रयोग गरी कुनै पनि उम्मेदवारलाई निर्वाचनको प्रचार-प्रसार गर्न नपाइने गरी रोक्ने, थुन्ने, छेक्ने वा निर्वाचनमा प्रत्यक्ष वा परोक्ष रूपबाट असर पर्न सक्ने गरी कुनै पनि किसिमको कामकारबाही गर्नु गराउनु हुँदैन ।

(९) निर्वाचन बिथोल्ने वा निर्वाचन प्रति वितृष्णा पैदा हुने वा निर्वाचनमा भ्रम सिर्जना हुने वा निर्वाचनमा अवरोध हुने गरी कुनै कार्य गर्नु गराउनु हुँदैन ।

(१०) मतदाताहरूलाई मतदान गर्न जान वा मतदान गर्नबाट वञ्चित गराउने अभिप्रायद्वारा कुनै पनि किसिमले अवरोध वा थुनछेक गर्नु गराउनु हुँदैन ।

(११) कुनै पनि उम्मेदवार वा निजका प्रतिनिधि वा समर्थक वा कुनै व्यक्तिले बल प्रयोग गरी वा डर-त्रास देखाई वा धम्की दिई वा प्रलोभनमा पारी मतदान केन्द्र आफ्नो कब्जामा लिनु वा मतदान सामग्री जबर्जस्ती कब्जामा लिनु वा खोस्नु वा नास्नु हुँदैन ।

(१२) मतदातालाई प्रभाव पार्ने उद्देश्यले कुनै प्रकारले नगद वा जिन्सी वा कुनै पनि किसिमको उपहार लिनु वा दिनु हुँदैन ।

(१३) मतदातालाई प्रभाव पार्ने उद्देश्यले भोजभतेरको आयोजना गर्न गराउन वा मादकपदार्थको सेवन गरी निर्वाचन क्षेत्रभित्र प्रवेश गर्नु हुँदैन ।

(१४) पेसागत मर्यादा प्रतिकूलको कुनै कार्य तथा गतिविधी गर्नु गराउनु हुँदैन । व्यक्तिगत तथा समूहगत रुपमा लान्छाना वा अपहेलना हुने कार्य गर्न गराउन पाइने छैन ।

(१५) कुनै उम्मेदवारको आलोचना गर्दा त्यस्तो उम्मेदवारको घोषणापत्र नीति तथा कार्यक्रममा मात्र सीमित रही गर्नु पर्नेछ ।

(१६) उम्मेदवारले आफ्ना प्रतिनिधि तथा समर्थकहरूलाई निर्वाचन सम्बन्धी आचारसंहिताको पूर्णरूपमा जानकारी गराई सोको पालना गर्न गराउन लगाउनु पर्नेछ । आफ्ना प्रतिनिधि वा समर्थकहरुबाट आचारसंहिता उल्लङ्घन भएमा सोको जिम्मेवारी उम्मेदवार स्वयंले लिनु पर्नेछ ।

(१७) निर्वाचनको क्रममा निर्वाचन समितिको आदेश तथा निर्देशनलाई पूर्णरूपमा पालना गर्नु गराउनु पर्नेछ ।

(१८) मतदानकेन्द्र र त्यसको वरिपरि निर्वाचनको प्रचार-प्रसारसँग सम्बन्धित कुनै कुरा टाँस्नु वा टाँस्न लगाउनु वा लेख्नु वा लेख्न लगाउनु समेत हुँदैन ।



सर्वोच्च अदालत बार एसोसिएसन निर्वाचन समिति काठमाडौं

(१९) निर्वाचन समितिद्वारा प्रकाशित सूचना वा निर्वाचन सामग्रीलाई कसैले बिगार्न, नास्न, केरमेट गर्न वा अन्य कुनै किसिमबाट थपघट गर्न गराउन वा विकृत तुल्याउन हुँदैन ।

## परिच्छेद -३

## निर्वाचनका सबै पक्षले पालना गर्नुपर्ने आचरण

४. सर्वोच्च अदालत बार एशोसिएशन कार्यसमितिको निर्वाचनमा निर्वाचनका सबै पक्षले देहायका आचरणहरू पालना गर्नु-गराउनु पर्नेछ–

(१) निर्वाचन अधिकृत, मतदान तथा मतगणनामा संलग्न कर्मचारी वा व्यक्तिले कुनै पनि उम्मेदवारको पक्ष वा विपक्षमा अनुकूल वा प्रतिकूल प्रभाव पर्ने कार्य गर्नु गराउनु हुँदैन ।

(२) आचारसंहिताको पालना भए/नभएको सम्बन्धमा निर्वाचन समितिले आवश्यकता अनुसार अनुगमन टोलीहरू गठन गरी पर्यवेक्षकद्वारा जाँचबुझ र अनुगमन गर्ने गराउनेछ ।

(३) आचारसंहिताको उल्लङ्घनको सम्बन्धमा उम्मेदवार वा कुनै व्यक्तिले मौखिक वा विद्युतीय सञ्चारमाध्यमबाट  निर्वाचन समिति समक्ष जानकारी दिन सक्नेछ ।

(४) आचारसंहिता उल्लङ्घन सम्बन्धी लिखित वा मौखिक जानकारी वा निवेदन प्राप्त भई आचारसंहिता पालना नभएको वा उलंघन गरेको पाइएमा त्यस्तो काम तुरुन्त रोक्न वा बदर गर्नकोलागि निर्वाचन समितिले सम्बन्धीत उम्मेदवार, प्रतिनिधि, समर्थक, व्यक्ति, संस्था पदाधिकारी वा निकायलाई आवश्यक आदेश दिन सक्नेछ ।

(५) आचारसंहिता उल्लंघन भएको पाइएमा निर्वाचन समितिले आवश्यकता अनुरूप स्थानीय प्रशासन वा सुरक्षकर्मीको सहयोग लिई सोको रोकथामका लागि तत्काल आवश्यक कारबाही गर्न सक्नेछ ।

(६) निर्वाचनमा संलग्न स्वयम्सेवक वा कर्मचारीले आचारसंहिता उल्लंघन गरेमा निर्वाचन समितिले निजहरुलाई आवश्यक कारबाही गर्न सक्नेछ ।

## परिच्छेद -४

## विविध

५. **विधान र विनियम बमोजिम हुने** : यस आचारसंहिताको कुनै कुरा नेपाल बार एशोसिएशनको विधान, २०४८ वा नेपाल बार एशोसिएशनको विनियम, २०४९ सँग बाझिएमा सो हदसम्म विधान र विनियम बमोजिम हुनेछ ।

६. **बाधा-अड्काउ फुकाउने** : यस आचारसंहिताको कार्यान्वयनमा कुनै बाधा-अड्काउ आइपरेमा निर्वाचन समितिले उपयुक्त आदेश जारी गरी त्यस्तो बाधा-अड्काउ फुकाउन सक्नेछ ।

सर्वोच्च अदालत बार एशोसिएशन निर्वाचन समिति काठमाडौं

## परिच्छेद -५

## विशेष थप व्यवस्था

१. यो आचारसंहिता निर्वाचनका उम्मेदवारहरु तिनका प्रस्तावक समर्थकहरु तथा उम्मेदवारी समुहगत रुपमा आएको अवस्थामा त्यस्तो उम्मेदवारी तयार गर्ने समुहहरु समेतलाई लागु हुनेछ ।

२. निर्वाचनको प्रचारप्रसारको दैरानमा कुनै व्यक्ति वा समुहप्रति घृणा वा द्वेष उत्पन्न गर्ने गराउने गर्नु हुँदैन ।

३. कुनै उम्मेदवार वा समूहसंग सम्बन्धित व्यक्तिको निजी जीवनसंग सम्बन्धित विषयमा टिकाटिप्पणी गर्नु हुँदैन ।

४. निर्वाचन प्रचार प्रसारको दौरानमा कुनै किसिमको तुल, व्यानर, पम्प्लेट, हातेपर्चा आदि कुनै पनि किसिमको छपाइको प्रयोगलाई पूर्ण रुपमा निषेध गरिएको छ ।

५. मतदातालाई प्रभाव पार्ने अभिप्रायले कुनै किसिमको भोज भतेर गर्नु हुँदैन ।

६. यस निर्वाचनमा प्रचारप्रसारको लागि कुनैपनि किसिमले कागजको प्रयोग गर्न पाइने छैन ।

७. प्रचारप्रसारको लागि सामाजिक संजालको प्रयोग गर्दा केवल आफ्नो वा आफ्नो समूहको बारेमा मात्र उल्लेख गर्न पाइनेछ । अन्य प्रतिस्पर्धी उम्मेदवारको बारेमा कुनै पनि नकारात्मक टिप्पणी गर्न पाइने छैन । यसमा उल्लेखित कुराले कुनै उम्मेदवारले प्रचारप्रसारको लागि सामाजिक संजाल मार्फत गरिएको घोषणा पत्र वा प्रतिवद्दता पत्र उपर आलोचना गर्न बाधा पुऱ्याएको मानिने छैन ।

८. निर्वाचनमा संलग्न रहने कर्मचारी, सुरक्षकर्मी तटस्थ र निष्पक्ष रहनुपर्ने छ ।

९. निर्वाचनमा खटिनुहुने पर्यवेक्षकहरुले निष्पक्ष, तटस्थ र विश्वसनिय भुमिका निर्वाह गर्नुपर्ने छ ।

१०. मतदान स्थलमा रहने सबै जनाले स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाइ सर्वोच्च अदालतको मूल गेटबाट प्रवेश गर्दा सर्वोच्च अदालत बार एशोसिएशनबाट जारी गरिएको परिचयपत्र अनिवार्य रुपमा देखाएरमात्र प्रवेश गर्नुपर्नेछ ।

११. मतदाताले आफुले लगाएको मास्क मतदान गर्नु अघि निर्वाचन समितिले दिने मतपत्र/ स्लिप लिनु अघि परिचयको लागि प्रतिनिधि र निर्वाचनमा खटिएका कर्मचारीको अगाडि खोलेर देखाई पुन: लगाएर मतदान गर्नु पर्नेछ ।

१२. मतदानको निर्धारित समय समाप्त भएपछि उम्मेदवार, उम्मेदवार प्रतिनिधि, मतगणना अधिकृत, मतगणना प्रतिनिधि, निर्वाचनमा संलग्न कर्मचारी र सुरक्षाकर्मी बाहेक कसैलाई पनि मतदान परिसर भित्र प्रवेश गर्न दिइने छैन ।

सर्वोच्च अदालत बार एशोसिएशन निर्वाचन समिति काठमाडौं

१३. उम्मेदवारी दरखास्तसाथ उम्मेदवारले अनुहार प्रस्ट देखिने हालसालै खिचिएको पासपोर्ट साइजको एक प्रति फोटो अनिवार्य टास्नु पर्नेछ ।

१४. उम्मेदवारले आफ्नो मनोनयनपत्र सर्वोच्च अदालत बार एशोसिएशनको इमेल ठेगानामा पनि पठाउन सकिनेछ । तोकिएको समयावधि भित्रै प्राप्त उक्त मनोनयनपत्र दस्तुर प्राप्तीपछि पूर्ण भएको मानिनेछ । मनोनयन दस्तुर प्राप्त नभएको मनोनयनलाई पूर्ण नमानिने भएकोले उम्मेदवारको नामावलीमा चढाइने छैन । साथै निर्वाचन समितिबाट तोकिएको दस्तुर रकम सर्वोच्च अदालत बार एशोसिएशनको नाममा रहेको बैंक अफ काठमाण्डूको बचत हिसाव नं. ०७०००००६५९८२५२४ मा जम्मा गरि बैंक भौचर पेस गर्न सकिनेछ ।

१५. मनोनयनको लागि कुनै उम्मेदवार स्वयम् उपस्थित हुन असमर्थ भएमा मतदाता मध्ये कसैलाई प्रतिनिधि नियुक्त गरि पठाउन सकिनेछ । प्रतिनिधि मार्फत प्राप्त मनोनयन प्रस्तावक र सर्मथकको हस्ताक्षर सहित रितपूर्वकै रहेको भएमा त्यसलाइ पूर्णमानी दस्तुर बुझाउन लगाइ दर्ता गरिने छ ।

**माथि उल्लेखित निर्वाचन सम्बन्धी आचार संहिताको उल्लंघन भएमा**

१. उम्मेदवारहरुले उल्लंघन गरेको अवस्था भएमा निर्वाचन समितिले निजको उम्मेदवारी रद्ध गर्ने सम्मको कारबाही गर्न सक्नेछ ।

२. प्रस्तावक र समर्थकले उल्लंघन गरेमा निज प्रस्तावक वा समर्थक रहेको उम्मेदवारको उम्मेदवारी रद्धगर्ने वा निजलाई मतदान स्थलमा प्रवेशमा रोक लगाउन सक्नेछ ।

३. मतदाताहरुबाट उल्लंघन भएमा निजलाइ उक्त निर्वाचनमा मतदान गर्ने अधिकारबाट बन्चित गरि निर्वाचन स्थलबाट बाहिर निकाल्न सकिनेछ ।

४. निर्वाचनमा खटिने कर्मचारी र सुरक्षाकर्मीले उल्लंघन गरेमा निजहरुलाई आवश्यकीय कारवाहीको लागि लेखि पठाइने छ ।

५. उल्लेखित आचारसंहितामा निर्वाचन समितिले आवश्यक थपघट गर्न सक्नेछ ।

| | | |
|---|---|---|
| .................... | .................... | .................... |
| (अधिवक्ता दिप नारायण साह) | (अधिवक्ता शर्मिला श्रेष्ठ) | (अधिवक्ता मुकुन्द प्रसाद पौडेल) |
| निर्वाचन अधिकृत | निर्वाचन अधिकृत | प्रमुख निर्वाचन अधिकृत |

नोटः निर्वाचन कार्यक्रम र मतदाता नामावली सर्वोच्च अदालत बार एशोसिएशनको वेव साईट www.supremecourtbar.org.np मा समेत उपलब्ध छ ।

सर्वोच्च अदालत बार एशोसिएशन निर्वाचन समिति काठमाडौं